"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता SAHAKARITA

द्वैमासिक

वर्ष १० अंक ३९, श्रावण-भाद्र २०८० www.ncbl.coop 17 July 2023- 16 September 2023

## राष्ट्रिय सहकारी बैंक लिमिटेड २१ औं वर्षमा



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफ्नो २१ औं स्थापना दिवस तथा कारोबार शुभारम्भ दिवस श्रावण १९ गते विविध कार्यक्रमका साथ मनाएको छ ।

स्थापना दिवसका अवसरमा आयोजित मुख्य कार्यक्रमको उद्घाटन राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपालका अध्यक्ष मिनराज कँडेलले गर्नु भएको थियो। सो अवसरमा बोल्दै अध्यक्ष कँडेलले सहकारी क्षेत्रमार्फत समाज रुपान्तरण गर्न सकिने योगदानलाई थप वृद्धि गर्नका लागि सहकारी अभियान र सरकारबीचको निरन्तर सहकार्य र समन्वय आवश्यक रहेको बताउनुभयो। सहकारी क्षेत्रको थप सुधारका लागि नीतिगत व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्नु पर्नेमा जोड दिनुभयो। नेपालको सहकारी अभियानलाई प्रभावकारी बनाउन नीरन्तर महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको राष्ट्रिय सहकारी बैंकलाई पूर्ण बैकिङ कारोबारको अनुमति दिनका लागि सरोकारवाला निकायले ध्यान दिनु पर्नेमा जोड दिनुभयो। सो अवसरमा विषम परिस्थितिमा सहकारीको उत्कृष्ट व्यवस्थापन सम्बन्धी सफलताको अनुभव आदान-प्रदान भएको छ। सहकारी व्यवस्थापनमा सफल रहेको विकु बचत तथा ऋण सहकारी संस्था लिमिटेड नवलपुरका प्रमुख कार्यकारी अधिकृत माधव पौडेल, मेचि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड झापाका प्रमुख कार्यकारी अधिकृत खेम प्रसाद बगाले, चन्द्रगिरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड काठमाण्डौका प्रमुख कार्यकारी अधिकृत कृष्णकुमार श्रेष्ठ र कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड ललितपुरका प्रमुख कार्यकारी अधिकृत कुमार खत्रिले सफल सहकारी व्यवस्थापनको लागि आ-आफ्नो अनुभव आदान-प्रदान गर्नुभएको थियो। ..... *(बाँकी पृष्ठ ३ मा)*




## असोज २५ र २६ गते काठमाण्डौमा लेखा सुपरीवेक्षण समितिको राष्ट्रिय गोष्ठी हुँदै

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड (एन.सि.बि.एल.) को आयोजनामा असोजमा लेखा सुपरिवेक्षण समितिको राष्ट्रिय गोष्ठी-२०८० गरिने भएको छ।

"दिगो,पारदर्शी र जोखिमरहित सहकारीः लेखा सुपरीवेक्षण समितिको जिम्मेवारी" भन्ने थिम सहित असोज २५ र २६ काठमाण्डौमा गोष्ठी हुने भएको हो। गोष्ठिमा देशभरिका सहकारी संघ/संस्थाको लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यहरु, सहकारी र सहकारीका सरोकारवाला निकायहरुका प्रतिनिधिहरु र इच्छुक व्यक्ति तथा संघ/संस्थाका प्रतिनिधीहरू गरि ५ सय जनासम्मको सहभागिता रहने बैंकले जनाएको छ। सहकारी संघ/संस्थाहरुको आर्थिक अवस्था, संस्थागत विकास र सन्तुलित वित्तीय कारोबारमा लेखा सुपरीवेक्षण समितिको भूमिकालाई प्रस्ट र थप प्रभावकारी बनाउन सहयोग पुर्याउने उद्देश्यले गोष्ठी कार्यक्रमको आयोजना गरिने बैंकका अध्यक्ष के.बी उप्रेतीले बताउनु भयो।..... *(बाँकी पृष्ठ ३ मा)*

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

**सल्लाहकार**
के.बी. उप्रेती
लक्ष्मी प्रसाद उप्रेती
बद्रीकुमार गुरागाईं

**सुचना, सञ्चार तथा प्रकाशन उप-समिति**

**संयोजक**
राम बहादुर जि.सी.

**सदस्यहरु**
डिल्ली प्रसाद पोखरेल, आर एस तिमल्सिना
विजया घिताल

**सदस्य सचिव**
नवीन कुमार कार्की

**प्रधान सम्पादक**
राम बहादुर जि.सी.

**सहयोगी**
बलराम के.सी.

**ठेगाना**
राष्ट्रिय सहकारी बैंक लिमिटेड
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर
फोन नं : ०१-५१८०१८२
Email: Publication@ncbl.coop
ncbl@ncbl.coop
webiste: www.ncbl.coop

# सम्पादकीय

## आर्थिक समृद्धिका लागि सहकारीको अग्रणी भूमिका

*आर्थिक समृद्धिको लागि देशभित्रि उपलब्ध प्राकृतकि स्रोत र साधन, मानवीय संसाधन र शीपको उच्चतम उपयोग गर्दै कृषि क्रान्तीका माध्यमबाट आयात प्रतस्थिापन गर्ने दिशामा आर्थिक क्रियाकलाप सञ्चालन गर्न सकिन्छ। कृषि क्षेत्रको उत्पादन, प्रशोधन, बजारीकरण र लाभको वितरण गर्ने कार्यमा सहकारी संस्थाले अग्रणी भूमिका खेल्न सक्छन् । त्यसैगरी, राज्यले प्राथमकिकरण गरी सहकारी लक्षित उच्चमूल्यका कृषि उपज प्रशोधनका माध्यमबाट त्यस्ता कृषि उपजको बृहत् उत्पादन गर्न सक्छ । यसबाहेक परम्परागत शीपमा आधारति हस्तकलाका वस्तुहरूको उत्पादनमा समेत सहकारीले अग्रणी भूमिका निर्वाह गर्न सकेको खण्डमा निर्यात प्रवर्द्धन र आयात प्रतस्थिापन भई व्यापारघाटामा दीर्घकालीन सुधार आउने देखिन्छ।*

*नेपालको कुल उपभोगमा आयातको हिस्सा ज्यादै उच्च छ। खासगरी आयातमा देखीएको तीव्र वृद्धी र नीर्यातको प्रवृत्तमिा देखिएको न्यून वृद्धीले पनी यस्तो अवस्था सृजना भएको हो । यसले कृषिजन्य वस्तुहरूको उत्पादन र निर्यातिबाट सहकारीले आयात प्रतस्थिापन र निर्यात प्रवर्द्धनमा सहयोग पुर्‍याउन सक्छन् ।*

*साधारणतया आर्थिक वृद्धीलाई समावेशी बनाउने कुरा गर्दा हामी त्यो बजार अर्थतन्त्रबाट हासील गर्ने कल्पना गर्छौं, जुन असम्भव कुरा हो। समावेशी आर्थिक वृद्धि भन्नाले उत्पादन प्रक्रिया र निर्णयमा समुदायका अधकिांश सदस्यको सहभागिता तथा आर्थिक वृद्धीको लाभ सबैलाई वितरण हुने कुरालाई बुझ्नुपर्ने हुन्छ। तर, बजार अर्थतन्त्रमा उत्पादनका साधनहरूमा सबैको पहुँच हुँदैन र उत्पादनको वितरणमा पनी समानुपातीक र समन्यायीकता सम्भव हुँदैन। त्यसैगरी, यस पद्धतीमा उत्पादन र वितरणको प्रक्रियामा सबैको सम्मान क्षमता र अधिकार पनी स्थापति हुन सक्दैन । समावेशी आर्थिक वृद्धीलाई बढी न्यायमुखी बनाउन जहाँ राज्यको दरिलो उपस्थीति जरुरी हुन्छ, त्यस्ता क्षेत्रहरूमा राज्यले वितरणका बलिया कार्यक्रम ल्याउनुपर्ने हुन्छ। तर, राज्यले सबैलाई सेवा पुर्‍याउनका लागी राज्य संयन्त्रको क्षमता र दक्षताको कुशलतामा प्रश्न उठ्न सक्छ। यस्ता प्रश्न हाम्रोजस्तो अल्पविकसित मुलुकमा अझ टड्कारो रूपमा उठ्ने गरेको पाइन्छ।*

*लैङ्गिक समानताको कुरा गर्दा महिलालाई सशक्त बनाउने र उनीहरूलाई सक्षम तुल्याउने, त्यसैगरी अधिकार सम्पत्ति र अवसरमा समान रूपमा उनीहरूको पहुँच पुर्‍याउने विषयले प्राथमिकता पाउनुपर्ने हुन्छ । त्यसैले समावेशी विकासको प्रभावकारी ढाँचाको कुरा गर्दा अहिलेको अवस्थामा राज्य र निजि क्षेत्र गरी दुई मूल पात्रमात्र रहने ढाँचा काम लागेन। त्यसैले अब तेस्रो पात्रका रूपमा समुदायमा आधारित सहकारी संस्थासमेतको सक्रियता उपलब्धीमूलक हुन सक्छ भन्न सकिन्छ। हामीले सामुदायिक र सहकारी संस्थाहरूको माध्यमबाट उत्पादनको प्रक्रिया र उत्पादीत वस्तु र सेवाको वतिरण एवम् त्यसबाट प्राप्त लाभको वितरणको अवस्थासम्म पनि सहकारीलाई परिचालन गर्न सक्यौं भने मात्र समावेशी आर्थिक वृद्धीको कल्पना व्यवहारमा रूपान्तरित हुन सक्छ। नागरिक सबलीकरणको माध्यमबाट पनि आर्थिक-सामाजिक रूपान्तरण गर्ने कुरालाई मूर्तरूप दिन सकिन्छ।*

## राष्ट्रिय सहकारी बैंक लिमिटेड २१ औं वर्षमा ........ कार्यक्रममा गत पुसमा सम्पन्न

१९ औं वार्षिक साधारण सभामा घोषणा भएका व्यक्ति तथा संस्थाका विभिन्न विधाका पुरस्कार तथा सम्मान वितरण गरेको छ। स्थापना दिवस तथा कारोबार शुभारम्भ दिवसका अवसरमा आयोजित कार्यक्रमको अध्यक्षता बैंकका अध्यक्ष के.बी.उप्रेती, स्वागत लेखा सुपरिवेक्षण समितिका संयोजक लक्ष्मी प्रसाद उप्रेती र सञ्चालन बैंकका नायब महाप्रबन्धक राजेश श्रेष्ठले गर्नु भएको थियो ।

भौतिक तथा भर्चुअल रुपमा समेत सञ्चालन भएको कार्यक्रममा देशभरको बैंकका सदस्य सहकारी संघ संस्थाका प्रतिनिधि तथा अभियानका विभिन्न निकायका प्रतिनिधिहरुको सहभागिता रहेको थियो। बैंकको उपत्यका बाहेकका सम्पूर्ण शाखा कार्यालयहरुमा २१ औं स्थापना दिवसको अवसरमा छलफल तथा अन्र्तक्रिया गरि दिवस मनाइएको बैंकले जनाएको छ।

## असोज २५ र २६ गते काठमाण्डौमा लेखा सुपरीवेक्षण समितिको राष्ट्रिय गोष्ठी हुँदै.....

उहाँका अनुसार गोष्ठीमा लेखा सुपरीवेक्षण समितिले तयार गर्ने प्रतिवेदनको ढाँचा र प्रतिवेदनमा समावेश गर्ने विषयहरुमा छलफल हुने छ । सहकारीमा स्व-नियमन र संस्थागत सुशासन अभिवृद्धिका लागि लेखा सुपरीवेक्षण समितिको सक्रिय भूमिकाको बारेमा स्पष्ट मार्गदर्शन प्रदान गरि सहकारीमा जोखिम व्यवस्थापन र वित्तीय अनुशासनका लागि लेखा सुपरीवेक्षण समितिको स्पष्ट कार्यदिशा तय गर्न गोष्ठिले सहयोग पुग्ने अध्यक्ष उप्रेतीले बताउनु भयो।

बैंकले पहिलो पटक गर्न लागेको गोष्ठीमा सहकारी संघ/संस्थाहरुको आन्तरिक नियन्त्रणका लागि प्रभावकारी औजार तथा प्रणाली विकासका सम्बन्धमा बहस र छलफल हुने छ। दुई दिन सम्म सञ्चालन हुन गइरहेको राष्ट्रिय गोष्ठीमा राष्ट्रिय/अन्तर्राष्ट्रिय विषय विज्ञहरुको सहजीकरण रहने बैंकको लेखा सुपरिवेक्षण समितिका संयोजक लक्ष्मी प्रसाद उप्रेतीले उल्लेख गर्नुभयो।

www.ncbl.coop

मिति : २०८०/०४/१९

### २१ औं स्थापना दिवसका अवसरमा जारी
### प्रतिवद्धता

राष्ट्रिय सहकारी बैंक लिमिटेड मिति २०६० असार २५ गते दर्ता भई २०६१ श्रावण १९ गतेबाट कारोवार शुभारम्भ गरेको दिनलाई स्थापना तथा कारोबार शुभारम्भ दिवसको रुपमा स्मरण गर्दै स्थापनाको २१ औं वर्ष प्रवेश गरेको सु-अवसरमा यस बैंकका परिकल्पनाकार, संस्थापक, पूर्व सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समिति, सल्लाहकार, शेयर सदस्य सहकारी संघ/संस्थाहरु, नियमनकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदार संघ/संस्थाहरु, कर्मचारीहरु, सहकारी अभियानमा रहेर साथ र सहयोग गर्नुहुने शुभेच्छुक तथा सरोकारवाला निकायहरु सबैंमा हार्दिक आभार प्रकट गर्दछौं ।

नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोवारको लागि स्वीकृत प्राप्त यस बैंकले संस्थागत सुशासन र सदस्यमुखी व्यवहारमा उल्लेख्य प्रगति हासिल गर्दै मुलुकभर रहेका १६ हजार भन्दा बढी सहकारी संघ/संस्थाहरुको एउटै र आफ्नै बैंकको रुपमा सात वटै प्रदेशमा रहेका ६८ वटा शाखा र केन्द्रीय कार्यालय गरि ६९ कार्यालयबाट सदस्य सहकारी संघ/संस्थाहरुलाई वित्तीय सेवाका अतिरिक्त संस्थागत सुशासन एवम् वित्तीय अनुशासनका लागि सहकारी स्तरीकरण, तालिम शिक्षा, सहकारी अभियानको संरक्षण र सम्वर्द्धनको लागि पहलकदमी जस्ता विविध गतिविधिहरु सञ्चालन गर्दै आइरहेको छ । सदस्य संस्थाहरुको अपार बिश्वास र मायाको कारणले बैंकको आर्थिक वर्ष २०७९/०८० मा कुल सम्पत्ति रु.६५ अर्ब ९१ करोड पुगेको छ ।

**"उत्कृष्ट वित्तीय सेवा सहितको सहकारी बैंक"** को परिकल्पना सहित चार वटा वृहत रणनीतिक स्तम्भहरुमा केन्द्रित रही दश वर्षे योजना कार्यान्वयनको लागि बैंकको व्यवस्थापन तदारुकताका साथ लागिरहेको छ । अर्थतन्त्रका तीन स्तम्भ मध्ये महत्वपूर्ण एक क्षेत्र सहकारीको विकास र प्रर्बद्धनका लागि बैंकले आफ्नो भुमिका निर्वाह गर्दै आइरहेको छ । सदस्यहरु बीच लोकप्रिय रहेको सदस्य शिक्षा अन्तर्गत इ-पुस्तकालय, समसामयिक विषयमा हरेक हप्ता परामर्श र सहयोग, जानकारी मुलक कार्यक्रम तथा सदस्य सम्मान कार्यक्रमको आयोजनाको कारणले पनि सदस्यहरुमा हौसला तथा उत्प्रेरणा जगाउने कार्यमा मद्धत पुगेको छ र बैंक प्रतिको सम्बन्ध अझ प्रगाढ बन्दै गएको छ । हालको विद्यमान प्रतिकुल समयमा पनि बैंकले आफ्नो कार्य सञ्चालन गर्ने दौरानमा नियमकिय प्रावधानहरुको प्रारुपलाई पालना गर्दै आएकोले पनि बैंकले सदस्यमैत्री सेवा प्रदान गर्न सक्षम रहेको छ । बैंकले तत्कालको लागि हुने लाभहानी भन्दा पनि दिगो र मर्यादित सेवा उपलब्ध गराउन क्रियाशील रहेको जानकारी गराउँदछौं ।

वित्तीय संस्था सञ्चालन गर्दा जोखिम व्यवस्थापनको लागि पर्याप्त प्रावधानहरु पुरा गरेर सञ्चालन गर्नु पर्ने कुरालाई मध्यनजर गर्दै यस बैंकले नेपाल राष्ट्र बैंकबाट तोकिएका जोखिम व्यवस्थापनका मापदण्डहरु, पूँजी पर्याप्तताको पालना, अनिवार्य नगदको पूर्णता, कर्जा जोखिम कोषमा यथेष्ट प्रबन्ध, एकल कर्जा लगानी तथा कर्जा सदुपयोगितालाई विशेष ध्यान दिंदै सञ्चालन गरिरहेको यस परिप्रेक्षमा समग्र सहकारीको वित्तीय जोखिम व्यवस्थापन गर्न अनुकरणीय मापदण्डहरु बिकास र विस्तार गरि सेवा उपलब्ध गराउन प्रयत्नशिल रहेको छ । आगामी दिनमा पनि सदस्यहरुको सदभाव सहयोग पाउँदै अझ मर्यादित र व्यवसायिक सेवा प्रदान गर्न हामीलाई प्रेरणा मिल्नेछ भन्ने अपेक्षा सहित सेवाको गुणस्तरमा वृद्धी गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दछौं ।

धन्यवाद ! जय सहकारी !!!

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)

# राष्ट्रिय सहकारी बैंकद्वारा विभिन्न विधामा व्यक्ति तथा संस्थालाई पुरस्कृत



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफ्नो २१ औं स्थापना दिवस तथा कारोबार शुभारम्भ दिवसको अवसरमा विभिन्न व्यक्ती तथा संस्थाहरुलाई सम्मान गरेको छ।

गत पुसमा सम्पन्न बैंकको १९ औं वार्षिक साधारणसभामा विभिन्न विधामा पुरस्कार तथा सम्मानका लागि छनोट भएका व्यक्ति तथा सहकारी संस्थाहरुलाई श्रावण १९ गते राष्ट्रिय सहकारी महासंघको सभा हलमा आयोजित कार्यक्रममा पुरस्कृत गरिएको हो । महासंघका अध्यक्ष मिनराज कँडेल र बैंकका अध्यक्ष के.बी.उप्रेतीले सम्मानित व्यक्ति र पुरस्कृत संस्थाका प्रतिनिधिहरूलाई प्रशंसा पत्र सहित पुरस्कार प्रदान गर्नु भएको थियो।

सम्मानित तथा पुरस्कृत हुने व्यक्तिहरूमा बैंक व्यवस्थापन तर्फ उत्कृष्ट कर्मचारी ध्रुव तामाङ (सहयोगी स्तर) अमृत कुमार जोशी, (सहायक स्तर) प्रवीण कुमार आचार्य (अधिकृत स्तर) र सहकारी बैंकको उत्कृठ शाखा बुटवल शाखालाई सम्मान गरेको छ। त्यसैगरी राष्ट्रिय सहकारी बैंक पत्रकारिता पुरस्कार विधामा विकास न्युज डटकममा कार्यरत पत्रकार सन्तोष रोकाया, सहकारी बैंक विद्वता पुरस्कारबाट डाक्टर दीप बहादुर रावल र सहकारी बैंकका पूर्व सञ्चालकबाट विजयराज घिमिरे सम्मानित हुनुभएको छ। त्यसैगरी बागमती प्रदेश तर्फ उत्कृष्ट हुने बचत तथा ऋण व्यवसायमा बनेपामा रहेको चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड र बचत तथा ऋण बाहेकको व्यवसाय गर्ने दोलखामा रहेको जनहित बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई पुरस्कार प्रदान गरिएको थियो।

त्यसैगरी राष्ट्रिय स्तरको उत्कृष्ट सदस्य संस्था तर्फ कञ्चनपुरको उदयदेव बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई पुरस्कृत गरिएको छ।



यस्तै बैंकको शाखा स्तरमा उत्कृष्ट र नियमित कारोबार गर्ने बैंकको उपत्यका भित्रका शाखाको र दोलखा र नुवाकोट शाखाका ४६ वटा सहकारी संस्थालाई पुरस्कृत गरिएको छ।

त्यसैगरी ६५ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा बैंकले आयोजना गरेको सहकारीमा वित्तीय साक्षरता सम्बन्धी निबन्ध प्रतियोगितामा तृतीय र सान्त्वना हुने मंगलोदय माध्यमिक विद्यालय इमाखेल थानकोटका आनन्द महतो र जेशिका श्रेष्ठलाई पुरस्कार वितरण गरिएको थियो।

# सरकारको विभिन्न कोषबाट राष्ट्रिय सहकारी बैंकमार्फत तरलता व्यवस्थापन कर्जा दिन सहकारी अभियानको सुझाव

ललितपुर । सहकारी क्षेत्रमा देखिएका समस्याहरुको अध्ययन गरी समाधानका उपायबारे 'सहकारी क्षेत्र सुधार सुझाव कार्यदल' का संयोजक एवम् राष्ट्रिय योजना आयोगका सदस्य डा. जयकान्त राउत समक्ष श्रावण २५ सहकारी अभियानको तर्फबाट राष्ट्रिय सहकारी महासंघद्वारा सुझाव पेश गरिएको छ ।

सहकारी अभियानको तर्फदेखी तत्काल कार्यान्वयन गर्नुपर्ने प्रस्तुत सुझावहरुमा समस्या उन्मुख संस्थाहरूको अध्ययन विश्लेषण गरी रकम अपचलन गर्ने संचालक र कर्मचारीहरूको तत्काल सम्पत्ति रोक्का, वैदेशिक यात्रामा रोक, ऋण वा संचालकको परियोजनामा लगानी गरेको भए असुलउपर गरी सदस्यहरूलाई रकमका आधारमा फिर्ता गर्दै लैजाने, सहकारी प्रवर्द्धन कोषको रकम महासंघ मार्फत परिचालन गरी अनुगमन तथा सुपरिवेक्षण, सुशासन प्रवर्द्धन तथा सहकारीका असल अभ्यासहरूको प्रचार प्रसार गर्दै आमसमुदायमा सकारात्मक सन्देश प्रवाह गर्ने, संस्थाहरूवाट समेत र सरकारको विभिन्न कोषबाट राष्ट्रिय सहकारी बैंकमार्फत तरलता व्यवस्थापन कर्जा दिने, वित्तीय कारोबार गर्ने संस्थाको कार्यक्षेत्र विस्तार एवं सेवा केन्द्र स्थापनामा पूर्ण रोक लगाउने, सहकारी कर्जा सूचना केन्द्र र बचत तथा ऋण सुरक्षण कोष एवं कर्जा असुली न्यायधीकरण तत्काल स्थापना गरी कार्यान्वयनमा ल्याउनुपर्ने, सन्दर्भ व्याजदरलाई स्वचालित बनाउने, सम्पत्ति तथा दायित्वका आधारमा सहकारी संघ संस्थाको वर्गीकरण गरी तथा जोखिमका आधारमा सघन सुपरिवेक्षण गर्ने, सार्वजनिक रूपमा अनिवार्य त्रैमासिक संस्थागत खुलासा सार्वजनिक मिडियामा गर्नुपर्ने आदि रहेका छन् ।

महासंघका वरिष्ठ उपाध्यक्ष ओमदेवी मल्लको नेतृत्वमा सुझाव पेश गर्न गएको प्रतिनिधिमण्डलमा उपाध्यक्ष रमेश पोखरेल, महांघका सञ्चालक तथा राष्टिय सहकारी बैंकका अध्यक्ष के बी. उप्रेती, नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघका अध्यक्ष परितोष पौड्याल लगायत सहकारी बैंकका सञ्चालकहरु, महासंघ, केन्द्रीय संघहरु, वाग्मती प्रदेश वचत तथा ऋण सहकारी संघका अध्यक्ष तथा पदाधिकारी सहभागी हुनुहुन्थ्यो । सो अवसरमा महासंघका महाप्रवन्धक चित्राकुमारी थामुहांग सुव्वा, नायबमहाप्रवन्धक वावुल खनाल, राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईं, नेफ्स्कुनका व्यवस्थापन प्रमुख सञ्जय तिमील्सीना लगायत उच्च व्यवस्थापकीय कर्मचारीहरु समेतको सहभागिता रहेको थियो । भेटका अवसरमा राष्ट्रिय सहकारी बैंकले महासंघमा र कार्यदल संयोजकलाई छुट्टा-छुट्टै सुझावहरु समेत पेश गरेका थिए ।

# सहकारी संस्थाका सञ्चालक तथा ब्यवस्थापकहरुलाई क्षमता वृद्धि तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड दमौली शाखा र तनहुँको भिमाद नगरपालिकाको आयोजनामा सञ्चालित सहकारी संस्थाका सञ्चालक समितिहरू र व्यवस्स्थापकहरुको क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ ।

श्रावण २२ र २३ गते सञ्चालन भएको तालिममा त्यस क्षेत्रका सहकारी संस्थाहरूबाट संस्थाका सञ्चालक समिति तथा व्यवस्थापकहरूको सहभागिता रहेको थियो । सहकारी संघ/संस्थाहरूका सञ्चालकहरू तथा व्यवस्थापकहरूलाई सहकारी ऐन, नियमावली, नीति, नियम र प्रविधि सहित सहकारी सञ्चालनका लागि सचेतना प्रदान गर्ने गरी तालिम आयोजना गरिएको बैंकले जनाएको छ । तालिममा सहकारी सञ्चालनको प्रक्रिया, सहकारीका लागि कानुनी परिवेश र सञ्चालकहरूको दायित्व, सहकारीमा नीतिगत व्यवस्था, पल्स, सहकारीको योजना, संस्थामा सञ्चालकको जिम्मेवारी लगायतका विषयमा सहभागीहरूलाई जानकारी गराइएको थियो । नगरपालिकाका नगर प्रमुख दधिराज सुवेदीको प्रमुख आतिथ्ययता तथा प्रमुख प्रशासकीय अधिकृत टेक नाथ दाहालको आतिथ्यतामा भएको तालिम कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सहायक तालिम अधिकृत राजकुमार बरालले सहजीकरण गर्नु भएको थियो ।

तालिमको समापन कार्यक्रममा बोल्दै प्रमुख अतिथि एवं नगर प्रमुख सुवेदीले सहकारी प्रति आम सदस्यको विश्वास घट्दै गएको भन्दै उहाँले तीनै तहका सरकार र अभियानको साझा प्रयास बाट पुनः सदस्यको विश्वास जागृत गर्नुपर्ने बताउनु भयो । "सहर केन्द्रित केही संस्थाले गरेको बदमासीका कारण आम सहकारीमा विश्वासको सङ्कट आएकोले सहकारीप्रति सदस्यको विश्वास जगाउने क्रियाकलाप गर्नु पर्ने बताउनु भयो । कार्यक्रममा विभिन्न सहकारीका सञ्चालक तथा व्यवस्थापकहरूको सहभागिता रहेको बैंकको दमौली शाखाका प्रमुख उपेन्द्र दाहालले जानकारी दिनुभयो ।

# अन्तर्राष्ट्रिय सहकारी बैंकिङ संघको १०१ औं साधारणसभा नेपालमा हुने




ललितपुर । अन्तर्राष्ट्रिय सहकारी बैंकिङ संघ (आईसीबिए) को १०१ औं वार्षिक साधारण सभा नेपालमा हुने भएको छ ।

आईसीबिएको बोर्ड बैठकद्वारा संघको साधारणसभा असोज २३ गते (अक्टोबर ११ तारिक)का दिन नेपालमा गर्ने निर्णय भएको संघले जनाएको छ । कार्यक्रममा संघको बजेट तथा कार्यक्रमको विषयमा छलफल हुनुको साथै आगामी ४ वर्षे कार्यकालको लागि सञ्चालक समितिको निर्वाचन समेत हुने छ ।

साधारण सभामा नेपाल सहित अर्जेन्टिना, अष्ट्रेलिया, बेल्जियम, इङ्ल्यान्ड, डेनमार्क, फ्रान्स, जर्मनी, हल्याण्ड, भारत, इटाली, स्वीट्जरल्याण्ड, सर्बिया, अमेरिकाका सहित विश्वभरका ५४ देशका सहकारी बैंकका प्रतिनिधिहरु सहभागी हुने कार्यक्रममा राष्ट्रिय सहकारी बैंक स्थानीय आयोजकको रुपमा रहने आईसीबिएको प्रेसिडेण्ट सुब्रह्मण्यम भीमाले जानकारी दिनु भयो ।

अन्तर्राष्ट्रिय सहकारी महासंघ (आईसिए) को एक अंगको रुपमा रहेको उक्त संघले सहकारी बैंकहरूको मूल्य, मान्यता, सहकारीको अन्तर्राष्ट्रिय सिद्धान्त र अन्य बैंकहरूले प्रयोग गर्ने कार्यक्रमहरु अन्तर्राष्ट्रिय र क्षेत्रीय स्तरमा प्रवर्द्धन गर्ने सहजीकरण गर्दै आएको छ ।

१९ अगस्ट १८९५ मा बेलायतको लन्डनमा पहिलो पटक स्थापना भएको उक्त संघले सदस्यको प्रमुख मुद्दाहरूमा सदस्यहरूबीच सूचनाहरुको आदान-प्रदानलाई सहजीकरण र प्रोत्साहन गर्ने र समाधान खोज्नका लागि अन्तर सहकारी बैंक बीच सहकार्य गर्ने गरेको छ ।

नेपालबाट राष्ट्रिय सहकारी बैंकले मात्र आईसीबिएको सदस्यता प्राप्त गरेको छ ।

# सहकारी बैंकद्वारा कर्जाको कानुनी प्रक्रिया तथा धितो मुल्याङ्कन सम्बन्धी तालिम प्रदान

ललितपुर । राष्ट्रिय सहकारी बैंकले कर्जाको कानुनी प्रक्रिया तथा धितो मूल्याङ्कन विषयक एक दिवसीय तालिम प्रदान गरेको छ ।

साउन ३० गते बैंकको लगनखेल शाखाको आयोजनामा त्यस क्षेत्रका सहकारी संघ/संस्थाका सञ्चालक, व्यवस्थापक तथा कर्मचारीहरूलाई कर्जाको महत्व, कर्जाको प्रक्रिया, कर्जाको उपयोगिता, कर्जा विश्लेषण तथा व्यवस्थापन, जोखिम व्यवस्थापन, लघु कर्जा र धितो सुरक्षणका लागि लिइने कागजात, लगानी, असुली तथा निष्क्रिय कर्जा व्यवस्थापन, धितो मूल्याङ्कनका कानुनी व्यवस्था लगायतका विषयमा जानकारी दिने उद्देश्यले तालिम सञ्चालन गरेको शाखा प्रमुख रमा घिमिरेले जानकारी दिनु भयो । तालिमको बैंकका अध्यक्ष के.बी. उप्रेतीले उद्घाटन गर्नुभएको थियो ।

उद्घाटन पछि बोल्दै अध्यक्ष उप्रेतीले सहकारी सदस्य केन्द्रित यवसाय भएकाले आफ्ना सदस्यहरूको व्यवसाय प्रवर्द्धन र विकासका लागि बैंकले पनि वित्तीय सेवा सँगै तालिम तथा शिक्षाका कार्यक्रम सञ्चालन गरिरहेको बताउनु भयो। तालिम पश्चात् संस्थाहरुलाई कर्जा लगानी तथा यस कानुनी प्रक्रिया र धिता मूल्याङ्कन गर्न सहज भई कर्जा विश्लेषण र व्यवस्थापन गर्न सहज हुने उल्लेख गर्नु भयो। बैंकका सञ्चालक रामहरि बजगाईंले सहकारी संस्थाहरुले सदस्यको विश्वास जित्नको लागि सहकारीप्रतिको सकारात्मक धारण विकास गर्न जोड दिनु पर्ने बताउनु भयो। तालिममा बैंकको कर्जा विभाका वरिष्ठ अधिकृत गोविन्द ओझा र इन्जिनियर मुक्ति पाण्डेले कर्जाको कानुनी प्रक्रिया तथा धितो मुल्याङकनको विषयमा सहजिकरण गर्नुभएको भएको थियो। तालिममा बैंकको लगनखेल शाखा कार्यालय क्षेत्रका विभिन्न सहकारी संस्थाहरुबाट ५५ जनाको सहभागिता रहेको थियो।

# बलम्बु क्षेत्रका सहकारीकर्मीलाई जाली नोट पहिचान तथा हस्ताक्षर जाँच तालिम

ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेड बलम्बु शाखाको आयोजनामा एक दिवसीय जाली नोट पहिचान तथा हस्ताक्षर जाँच विषयक तालिम साउन ३१ गते सम्पन्न भएको छ।

चन्द्रागिरि नगरपालिका भित्र रहेका सहकारी संघ संस्थाका व्यवस्थापक, लेखापाल तथा नगद सँग सम्बन्धित कारोबार गर्ने कर्मचारीहरूलाई जाली नोट पहिचान र हस्ताक्षर चेकजाँच गर्न सहयोग पुऱ्याउनुको साथै वित्तीय कारोबारलाई चुस्त दुरुस्त बनाउने उद्देश्यले तालिम सञ्चालन गरेको बैंकले जनाएको छ।

तालिमको उद्घाटन पछि मन्तव्य राख्नु हुँदै कार्यक्रमका प्रमुख अतिथि एवम् बैंकका अध्यक्ष के.बी. उप्रेतीले सहकारी क्षेत्रमा देखिएको समस्याको पहिचान गरी समाधानको लागि सरकारले गठन गरेको सहकारी क्षेत्र सुधार सुझाव कार्यदलले काम गरिरहेकोले त्यसको आधारमा सरकारले सहकारी क्षेत्रको समस्या समाधान गर्ने बताउनु भयो। पछिल्लो समय बजारमा नक्कली नोटको बिगबिगी बढेकोले त्यसबाट सचेत रहन र आफ्नो संस्थालाई सुरक्षित र जोखिम रहित बनाउन पनि तालिमले सहयोग पुग्ने उल्लेख गर्नुभयो।

तालिमको राष्ट्रिय विधि विज्ञान प्रयोगशाला नास्टका वरिष्ठ वैज्ञानिक मुकुल प्रधानले जाली नोट पहिचान तथा हस्ताक्षर जाँचको विषयमा सहजीकरण गर्नुभएको थियो। चन्द्रागिरि नगरपालिका भित्र रहेका ३० वटा सहकारी संघ संस्थाका व्यवस्थापक, लेखापाल तथा नगदसँग सम्बन्धित कारोबार गर्ने कर्मचारीको सहभागिता रहेको कार्यक्रमको सञ्चालन बलम्बु शाखाका प्रमुख कला थपलियाले गर्नुभएको थियो।

# सहकारी बैंकका कर्मचारीहरूलाई कर्जाको कानुनी प्रक्रिया तथा धितो मूल्याङ्कन व्यवस्थापन तालिम

ललितपुर। राष्ट्रिय सहकारी बैंकले आफ्ना कर्मचारीहरूलाई कर्जाको कानुनी प्रक्रिया तथा धितो मूल्याङ्कन व्यवस्थापन विषयक एक दिवसीय तालिम प्रदान गरेको छ।

भदौ ३ गते बैंकको काठमाडौँ उपत्यका भित्रका शाखा प्रमुख, शाखामा कर्जा सम्बन्धी काम गर्ने कर्मचारीहरू, कर्जा विभाग, जोखिम व्यवस्थापन विभाग र असुली विभागका कर्मचारीहरूलाई कर्जाको महत्व, कर्जाको प्रक्रिया, कर्जाको उपयोगिता, कर्जा विश्लेषण तथा व्यवस्थापन, जोखिम व्यवस्थापन, लघु कर्जा र धितो सुरक्षणका लागि लिइने कागजात, लगानी, असुली तथा निष्क्रिय कर्जा व्यवस्थापन, कर्जाको क़ानूनी प्रक्रिया, धितो मूल्याङ्कनका कानुनी व्यवस्था, कर्जा जोखिमका विभिन्न आयाम, कर्जा जोखिम न्यूनीकरणका उपाय, व्यवसाय प्रवर्द्धन, भाखा नाघेको कर्जा व्यवस्थापन, डिजिटलाइजेसन, सम्पत्ति शुद्धीकरण, सकारात्मक सोच, कर्मचारी उत्प्रेरणा लगायतका विषयमा जानकारी दिने उद्देश्यले तालिम सञ्चालन गरेको बैंकले जनाएको छ। तालिमको उद्घाटन गर्दै बैंकका अध्यक्ष के.बी. उप्रेतीले कर्मचारीहरू दक्ष र व्यवसायीक हुनुपर्ने कुरामा जोड दिनुभयो।

हरेक प्रकारका तालिम तथा शिक्षाका माध्यम मार्फत कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी बैंकको साख र गरीमा

वृद्धिमा कर्मचारीहरूलाई सरिक बनाई छिटो छरितो, गुणस्तरीय र प्रविधियुक्त सेवा सञ्चालनका लागि कर्मचारीहरूलाई दक्ष बनाउन बैंकले तालिम तथा शिक्षाको कार्यक्रममा जोड दिएको बताउनु भयो।

प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले कार्यसम्पादन सीप कौशल, कार्यसम्पादन प्रवृत्ति र कार्यसम्पादन लक्ष्य निर्धारण मार्फत कर्मचारीहरूको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन सकिने बताउनु भयो । बैंकको तालिम विभागका बरिष्ठ अधिकृत मिना कुमारी शर्माले सञ्चालन गर्नुभएको कार्यक्रममा कर्जाको क़ानूनी प्रक्रिया तथा धितो मूल्याङ्कन व्यवस्थापनको विषयमा मुक्ति पाण्डे र कर्जा क़ानूनी प्रक्रिया सम्बन्धी विक्रान्त कोइरालाले सहजीकरण गर्नुभएको थियो।

# नयाँबजार क्षेत्रका सहकारीकर्मीलाई कोपोमिस तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड नयाँबजार शाखाको आयोजनामा सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) सम्बन्धी एक दिवसिय तालिम भदौ २६ गते सम्पन्न गरेको छ।




तालिमको उद्घाटन बैंकका सञ्चालक विश्वनाथ मण्डलले गर्नुभएको थियो। उद्घाटन पछि तालिमलाई सम्बोधन गर्दै उहाँले सहकारी संघ/संस्थाहरूको लागि कोपोमिस तालिम अत्यन्तै महत्वपूर्ण भएको बताउनु भयो । सहकारी संघ/संस्थाहरुको सूचना प्रणाली र नियमित तथ्याङ्क व्यवस्थापनका लागि कोपोमिस अनिवार्य आवश्यकता भएको भन्दै सहकारी क्षेत्रको गुणात्मक विकासका लागि विश्वसनीय अनलाइन प्रविधि भएको उल्लेख गर्नुभयो। तालिममा नयाँबजार क्षेत्रका २३ सहकारी संस्थाहरूका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । नयाँबजार शाखाका प्रमुख लोकेन्द्र के.सीले सञ्चालन गर्नुभएको तालिममा बैंकका सहायक तालिम अधिकृत राजकुमार बरालले सहजिकरण गर्नु भएको थियो।

# ललितपुरमा गोएमएल तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी तालिम सञ्चालन

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड लगनखेल शाखाको आयोजनामा सहकारीमा सम्पत्ति शुद्धीकरण निवारण तथा गोएमएल सम्बन्धी तालिम भदौ २६ गते सम्पन्न भएको छ।

सम्पत्ति शुद्धीकरण निवारणको विषयमा सहकारी संस्थाहरुको भूमिका, सम्पत्ति शुद्धीकरण निवारण नियमावली २०७३ भएका प्रावधानहरू, विद्यमान ऐन तथा कानुनी संरचना तथा शंकास्पद/सीमा कारोबार विषयमा जानकारी दिने उद्देश्यले तालिम सञ्चालन गरेको बैंकले जनाएको छ।

कार्यक्रम समापनको अवसरमा बोल्दै बैंकका अध्यक्ष के.बी. उप्रेतीले १० करोड भन्दा बढी निक्षेप वा पुँजी भएका बचत तथा ऋणको कारोबार गर्ने सहकारीले एकीकृत सूचना प्रणाली (गोएमएल) मा अनिवार्य आबद्ध हुनुपर्ने भएको हुँदा संस्थाहरुलाई त्यस तर्फ विशेष ध्यान दिन अनुरोध गर्नुभयो। बैंक तथा वित्तीय संस्था र बिमा कम्पनी, सेयर ब्रोकर, रेमिट्यान्स लगायतका कम्पनीलाई गोएमएलमा आबद्धता अनिवार्य भए पनि सहकारीको हकमा भने १० करोडभन्दा बढी कारोबार गर्ने संस्थालाई मात्र अनिवार्य गरिएको बताउनुभयो।




उहाँले गोएमएल प्रणाली मार्फत सम्पत्ति शुद्धीकरणको रिपोर्टिङ गर्न सहकारी विभागले पहिलो पटक २०७७ पुसमा निर्देशन जारी गरेको स्मरण गर्दै त्यसको प्रभावकारी कार्यान्वयन नहुँदा गत साउन २२ गते विभागले पुनः दोस्रो पटक निर्देशन जारी गर्दै गोएमएल सिस्टममा आबद्ध भई रिपोर्टिङ गर्न सहकारी संघ तथा संस्थाहरुलाई निर्देशन जारी भएअनुसार सदस्य सहकारी संघ संस्थाहरुको सहजताको लागि तालिम प्रभावकारी हुने कुरामा जोड दिनुभयो । बैंकका सञ्चालक रामहरी बजगाईंले सहकारी सदस्य केन्द्रित व्यवसाय भएकाले आफ्ना सदस्यहरूको व्यवसाय प्रवर्द्धन र विकासका लागि बैंकले पनि वित्तीय सेवासँगै तालिम तथा शिक्षाका कार्यक्रमहरू सञ्चालन गरेको उल्लेख गर्दै यस्ता तालिमले संस्थाको विकास र प्रवर्द्धनमा सहयोग पुग्ने बताउनु भयो ।

कार्यक्रममा लगनखेल शाखा कार्यालय अन्तर्गतका विभिन्न सहकारी संघ संस्थाबाट ५० जनाको सहभागिता रहेको थियो । बैंकको लगनखेल शाखाका प्रमुख रमा घिमिरेको सञ्चालन तथा नेपाल राष्ट्र बैंकका पूर्व निर्देशक श्यामकृष्ण दाहालको सहजीकरण मा तालिम भएको थियो ।

# राष्ट्रिय सहकारी बैंकको स्तरीकरण कार्यक्रम केयरमा आवद्ध

## मोरङका संस्थाहरुबिच समीक्षा गोष्ठी सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले सञ्चालन गरेको सहकारी संस्थाहरुको स्तरीकरण कार्यक्रम अन्तरगत केयरमा आबद्ध संस्थाहरुको केयर समीक्षा गोष्ठी कार्यक्रम मोरङको सुन्दरहरैचा सम्पन्न भएको छ ।




भदौ २९ गते केयरमा आबद्ध भोजपुरे कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजना तथा राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा आयोजित कार्यक्रममा केयरमा आबद्ध संस्थाहरुको वित्तीय अवस्था, सुशासन र आन्तरिक व्यवस्थापन लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो । आयोजक संस्थाका अध्यक्ष नरेन्द्र बस्नेतको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख आतिथ्यता बैंकको सदस्य सेवा महाशाखाका प्रमुख रामबाबु आचार्य रहनु भएको थियो । बैंकको सुन्दरहरैचा शाखाका प्रमुख मनोज लामिछाने र दमक शाखाका प्रमुख अर्जुन कार्कीको आतिथ्यता रहेको थियो ।कार्यक्रममा राष्ट्रिय सहकारी बैंकको स्तरीकरण विभागका अधिकृत सूर्य प्रसाद रिमालले सहजीकरण गर्नु भएको थियो । उहाँले संस्थाहरुको अवस्थाको बारेमा जानकारी गराउँदै सुधारका लागि आवश्यक सुझावहरू समेत दिनुभएको थियो । कार्यक्रममा मोरङ जिल्लाको केयरमा आबद्ध ८ वटा संस्थाहरूका व्यवस्थापन प्रमुखबाट संस्थागत प्रस्तुतीकरण भएको थियो । कार्यक्रमबाट १७ बुँदे प्रतिबद्धता जारी गरिएको छ ।

# अन्तर्राष्ट्रिय सहकारीकर्मीद्वारा राष्ट्रिय बैंकको केन्द्रीय कार्यालय अवलोकन



ललितपुर । एसियाली ऋण महासंघ (अक्कू) का प्रमुख कार्यकारी अधिकृत एलिनिता भि स्यानरोक्के सहितका अन्तर्राष्ट्रिय सहकारीकर्मीद्वारा राष्ट्रिय सहकारी बैंकको पुल्चोक स्थित केन्द्रीय कार्यालयको अवलोकन भ्रमण गर्नु भएको छ । भदौ ३१ गते एक कार्यक्रमको बिच अक्कूकी प्रमुख कार्यकारी अधिकृत स्यानरोक्के, चिफ अफ टेक्निकल अफिसर रञ्जित हित्तराची सहित फिलिपिन्स र ताइवानका सहकारीकर्मी प्रतिनिधिहरूले अवलोकन भ्रमण गर्नु भएको छ ।

अवलोकन भ्रमणका प्रतिनिधिमण्डललाई राष्ट्रिय सहकारी बैंकका तर्फबाट अध्यक्ष के.बी. उप्रेती, प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाई, नायब प्रमुख कार्यकारी अधिकृत मनोज खड्का र नायब महाप्रबन्धक राजेश श्रेष्ठले स्वागत गर्नुभएको थियो ।

सो अबसरमा उहाँहरूलाई बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले बैंकको परिचय, बैंकले सञ्चालन गरेको सेवा, बैंकको भावी योजना तथा उद्देश्य, सदस्य संस्थाहरुको परिचय, कार्यक्षेत्र जस्ता समग्र विषयमा जानकारी गराउनु भएको थियो । त्यसै गरी अक्कूकी प्रमुख कार्यकारी अधिकृत एलिनिता भि स्यानरोक्के नेपालको सहकारी क्षेत्रमा बैंकले निभाएको भूमिको प्रशंसा गर्नुभएको थियो ।

# सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्न सरकार गम्भीर छ ः मन्त्री श्रेष्ठ



ललितपुर । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री मा. रञ्जिता श्रेष्ठ चौधरीले सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्न सरकार गम्भीर रहेको बताउनु भएको छ ।

श्रावण १२ गते राष्ट्रिय सहकारी महासंघ लिमिटेड, राष्ट्रिय सहकारी बैंक लिमिटेड र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेडको सयूँक्त आयोजनामा काठमाण्डौंमा भएको सहकारीका विद्यमान समस्याः सुधार सुझाव कार्यशालाको कार्यक्रममा बोल्दै मन्त्री श्रेष्ठले यस्तो बताउनु भएको थियो ।

उहाँले सहकारी क्षेत्रमा देखिएको समस्याको पहिचान गरी समाधानको लागि सरकारले गठन गरेको "सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८०" ले काम गरिहेकोले त्यसको आधारमा सरकारले सहकारी क्षेत्रको समस्या समाधान गर्ने बताउनु भयो । पछिल्लो समय बैंक तथा वित्तीय क्षेत्रमा तरलताको समस्या सुधार हुँदै गएकोले पनि सहकारीको समस्यामा समाधान हुँदै जाने बताउनु भयो । मन्त्री श्रेष्ठले बजारमा हल्ला भए जस्तो सहकारीमा समस्या नरहेको

उल्लेख गर्दै केही सहकारी संस्थाका कारण सिंगो सहकारी अभियानलाई असर परेको उल्लेख गर्नु भयो ।

सहकारी क्षेत्र सुधार सुझाव कार्यदल,२०८० का संयोजक मा. जयकान्त राउतले कार्यदलले पाएको कार्यदेशको आधारमानै सहकारी श्रेत्रको समस्यालाई समाधान गर्ने बताउनु भयो ।

कार्यदलले पहिलो चरण २७ बुँदे सुझाव सरकारलाई बुझाएको भन्दै सहकारी क्षेत्रका सञ्चालक, निक्षेपकर्ता तथा सरोकारवालाहरुको सुझावको आधारमा अन्तिम प्रतिवेदन सरकारलाई हस्तान्तरण गर्ने उल्लेख गर्नुभयो । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव गोकर्णमणि दुवाडीले सहकारी संस्थाहरुले सदस्यको विश्वास जित्नको लागि सकारात्मक काम गर्नु पर्ने बताउनु भयो । सदस्यहरुलाई




सहकारीप्रतिको सकारात्मक धारण विकास गर्न जोड दिनु पर्ने बताउनु भयो । सहकारी विभागका रजिस्ट्रार नमराज घिमिरेले सहकारीको पैसा बचतकर्तामा मात्रै लगानी गर्ने सहकारीको सिद्धान्त भए पनि सञ्चालकहरुले अनुत्पादक क्षेत्रमा लगानी गर्दा अहिलेको समस्या आएको बताउनु भयो । अहिले साना तथा ठुला सबै प्रकारका सहकारीमा समस्या रहेको सहकारीका सञ्चालकहरु सदस्यहरुसँग टाढा हुँदा पनि समस्या विकराल हुँदै गएको उल्लेख गर्दै संस्थाका सञ्चालकले बचतकर्तालाई बचतको सुरक्षा छ भनेर प्रतिबद्धता जाहेर गर्नु पर्ने बताउनु भयो । विश्वका विकसित मुलुकको विकास सहकारीबाट नै भएको बताउँदै उहाँले नेपालमा पनि सहकारी अभियान अगाडि बढाउन आवश्यक रहेकोमा जोड दिनु भयो । राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कँडेलले सहकारी क्षेत्रमा देखिएका समस्या बिस्तारै कम हुँदै गएको बताउनु भयो ।

केही सहकारीको नियतका कारण राम्रो व्यवस्थापन भएका सहकारीमा पनि समस्या देखिएको भन्दै अब बिस्तारै ती समस्याहरु न्यूनीकरण हुँदै गएको उल्लेख गर्नु भयो ।

राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी. उप्रेतीले विश्वमा देखा परेको आर्थिक मन्दीको असर नेपालमा पनि देखा पर्दा सबै क्षेत्र समस्यामा परेको बताउनु भयो । आर्थिक मन्दीको असर नेपालका प्रायः सबै क्षेत्रमा देखा परिरहेको छ । सहकारीलाई बचतसँग नभएर उत्पादनसँग जोड्न आवश्यक रहेकोमा जोड दिनु भयो । उहाँले केही सञ्चार माध्यमहरुले गलत कुराको बढी प्रचार-प्रसार गरेकोले सहकारीमा समस्या बढेको उल्लेख गर्नु भयो ।

कार्यक्रममा बागमती प्रदेशका १२ वटा जिल्लाका विभिन्न सहकारी संघ/संस्थाका अध्यक्ष एवम् व्यवस्थापन प्रमुखहरुको सहभागिता रहेको थियो ।

तीन सय भन्दा बढीको उपस्थितिमा भएको कार्यक्रममा विभिन्न १० समूह विभिन्न शीर्षकमा सहकारीका विद्यमान समस्या सुधार सुझावको विषयमा छलफल भएको थियो ।

राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कँडेलको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी. उप्रेतीको स्वागत मन्तव्य र र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघका महासचिव दामोदर अधिकारीको सञ्चालनमा भएको थियो ।

# बर्दिबास र नेपालगञ्जमा सहकारीका विद्यमान समस्याः सुधार सुझाव कार्यशाला कार्यक्रम सम्पन्न




ललितपुर । सहकारी क्षेत्रमा देखिएका समस्याको पहिचान गरी समाधान गर्नको लागि सरकारले गठन गरेको सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८०" अन्तर्गत सहकारीका विद्यमान समस्याः सुधार सुझाव कार्यशाला कार्यक्रम श्रावण २३ गते मधेश प्रदेशको बर्दिबास र कर्णाली प्रदेशको नेपालगञ्जमा सम्पन्न भएको छ।

राष्ट्रिय सहकारी बैंक लिमिटेड र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेडको सयूँक्त आयोजनामा भएको कार्यक्रममा बर्दिबासमा सहकारी बैंक र नेपालगञ्जमा नेफ्स्कुनले संयोजन गरेका थिए । बर्दिबासमा भएको कार्यक्रममा बोल्दै कार्यदलका संयोजक डाक्टर जयकान्त राउतले सहकारी क्षेत्रमा देखिएको समस्या समाधान हुने बताउनु भयो। संयोजक राउतका अनुसारँ कार्यदलले अन्तिम प्रतिवेदन सरकारलाई बुझाउने तयारी गरेको गरेको छ, कार्यदलले जुन कार्यदेश पाएको छ, त्यसको आधारमानै यस श्रेत्रको समस्यालाई समाधान गर्ने गरी प्रतिवेदन तयार भइरहेको बताउनु भयो" ।

कार्यदलले पहिलो चरणमा २७ बुँदे सुझाव सरकारलाई बुझाएको जानकारी दिँदै उहाँले सहकारीका सञ्चालक, निक्षेपकर्ता तथा सरोकारवालाहरूको सुझावको आधारमा अन्तिम प्रतिवेदन सरकारलाई हस्तान्तरण गर्ने उल्लेख गर्नुभयो । कार्यदलका विज्ञ सदस्य (वित्त विश्लेषक) एवं राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी. उप्रेतीले विश्वमा देखा परेको आर्थिक मन्दीको असर नेपालमा पनि देखा पर्दा सबै क्षेत्र समस्यामा परेको बताउनु भयो । आर्थिक मन्दीको असर नेपालका प्रायः सबै क्षेत्रमा देखा परिरहेको छ। सहकारीलाई बचतसँग नभएर उत्पादनसँग जोड्न आवश्यक रहेकोमा जोड दिनु भयो । सहकारी विभागका उपरजिस्ट्रार टोलराज उपाध्यायले सरकार र अभियानको संयूक्त पहलमा यसक्षेत्रको समस्या समधान गर्नुपर्ने बताउनु भयो । कार्यक्रममा मधेश प्रदेशको जिल्लाका विभिन्न सहकारी संघ/संस्थाका अध्यक्ष एवं व्यवस्थापन प्रमुखहरूको सहभागिता रहेको थियो। तीन सय भन्दा बढीको उपस्थितिमा भएको कार्यक्रममा विभिन्न १० समूहमा रहेर कार्यदलले तयार पारेको शीर्षकमा सहकारीका विद्यमान समस्यास्या सुधार सुझावको विषयमा छलफल भएको थियो।

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका सञ्चालक रामबाबु यादवको स्वागत मन्तव्य र र बैंकका सञ्चालक एवं मधेश प्रदेशका संयोजक विश्वनाथ मण्डलको सञ्चालनमा भएको थियो।

राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी. उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा सहभागी सहकारी संघ/संस्थाका प्रमुख एवं प्रतिनिधिहरूले सहकारी बैंकलाई पूर्ण बैंकिङ्ग कारोबारको मान्यता दिनुपर्ने, संघीय सहकारी विभाग अन्तर्गतको कार्यालय ७७ वटै जिल्लामा राख्नु पर्ने, छुट्टै सहकारी बैंक ऐनको आवश्यकता रहको लगायतका सुझाव दिएका थिए।

त्यसैगरी नेपालगञ्जमा भएको कार्यक्रममा कर्णाली प्रदेशमा भएको कार्यक्रममा सहकारी विभागका रजिस्ट्रार नमराज घिमिरे, कार्यदलका विज्ञ सदस्य ऋषिराज घिमिरे, राष्ट्रिय सहकारी बैंकका सञ्चालकहरू शिवा थापा, विजया धिताल, पूर्व सञ्चालक हरिहर नाथ योगी, नेफ्स्कुनका अध्यक्ष परितोष पौडेल, महासचिव दामोदर अधिकारी लगायत त्यस क्षेत्रका सहकारी संघ/संस्थाका अध्यक्ष एवं व्यवस्थापन प्रमुखहरूको सहभागिता रहेको थियो।


National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
सबै प्रकृतिका सहकारीलाई बैंकको सदस्य बन्न अझै सहजता
Internet Banking को सुविधा
रु १५०० मा बैंकको सदस्यता
SMS Banking को सुविधा
• वार्षिक शुल्क नलाग्ने
• सहज प्रक्रिया
• Online मार्फत सदस्यता लिन सकिने
थप जानकारीको लागी बैंकको नजिकको शाखा कार्यालयमा सम्पर्क गर्नुहोस
Web: www.ncbl.coop Email: ncbl@ncbl.coop
NEDAC
ACCU
coop
टोल फ्री नं १६६००१०२९९९